आज मिति २०८१ फागुन १३ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति :</u>

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री नुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री निल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धर्मसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाइं

अन्य उपस्थिति :

सहायक प्रशासकीय अधिकृत :- श्री अनिल कुमार गुरुङ

रोजगार संयोजक :- श्री नन्द राज गुरुङ

**मिति २०८१/११/१३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा :**

मिति २०८१/१०/१९ को मर्स्याङदी गाउँपालिकाको गाउं कार्यपालिकाको वैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस वैठकमा समिक्षा गरियो । साथै वडाको कार्य प्रगति वारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो । समिक्षा र रिपोर्टिङको क्रममा वैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं.२: आ.व. २०८२/०८३ को लागि नेपाल सरकारमा योजना माग गरी पठाउने सम्बन्धमा ।**

नेपाल सरकारको विभिनन मन्त्रालयहरुमा आ.व.२०८२/०८३ को लागि निम्न योजनाहरु सिफारिसका साथ अनुरोध गरी पठांउन यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**क) सडक:**

१. खुदी - सिउरुङ - स्याङ्गे सडक, मर्स्याङदी - ३,४
२. खुदी - घनपोखरा - नायु सडक मर्स्याङी - ९, २ र १
३. वाहुनडाँडा - घेर्मु सडक मर्स्याङदी - ६ र ५
४. सिम्पानी चक्रपथ मर्स्याङदी - ९
५. भुलभुले - सिमलचौर - भुस्मे - रिन्टाङ सडक, मर्स्याङदी - ८
६. ङादी - उस्ता - वराहपोखरी सडक, मर्स्याङदी - ७
७. खुदी - सिम्पानी - घलेगाउँ सडक, मर्स्याङी - ९
८. खुदी - पाम्चोक - भलामचौर - घलेगाउँ सडक, मर्स्याङदी - ९

**ख) मोटरेवल पुल :**

१. स्याङ्गे - घेर्मु मोटरेवल पुल मर्स्याङदी-४, ५

**ग) तटबन्ध:**

१. खुदी खोला तटवन्ध
२. मर्स्याङ्दी तटवन्ध

**घ) पर्यटन विकास:**

१. जगत् तातोपानी कुण्ड विकास योजना, मर्स्याङदी - ४
२. डा.हर्क गुरुङ समाधिस्थल पार्क, मर्स्याङदी - ५
३. राष्ट्रकवि माधव प्रसाद घिमिरे जन्मस्थल पार्क, मर्स्याङदी - ६
४. सरदार भक्ति थापा जन्मस्थल पार्क, मर्स्याङदी - ३
५. हर्सिङडाँडा पर्यटन विकास योजना मर्स्याङदी - ३
६. तारेभिर रक क्लाईम्विङ विकास योजना मर्स्याङदी - ४
७. वाह्र पोखरी विकास योजना, मर्स्याङ्दी - ७

**ङ) खेल मैदान:**

१. घनपोखरा खेल मैदान मर्स्याङदी-१ (हाई अल्टिच्युट ग्राउन्ड २२०० मि.)
२. खुदी खेल मैदान मर्स्याङदी - ३
३. केक्याम खेल मैदान मर्स्याङदी - २
४. ङादी खेल मैदान मर्स्याङदी - ७
५. रामवजार खेल मैदान मर्स्याङदी - ४

**च) सिचाई :**

१. तरापु भुमिगत सिँचाई योजना मर्स्याङदी - ३
२. रन्जित सेराफाँट सिँचाई योजना मर्स्याङदी - ९
३. डिहि सिँचाई योजना मर्स्याङदी - ७

**छ) स्वास्थ्य चौकी भवन निर्माण :**

१. सिम्पानी स्वास्थ्य चौकी भवन निर्माण मर्स्याङदी - ९



अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३ : आ.व. २०८२/०८३ को लागि गण्डकी प्रदेश सरकारमा योजना माग गरि पठाउने सम्वन्धमा ।**

गण्डकी प्रदेश सरकारको विभिन्न मन्त्रालयहरुमा आ.व. २०८२/०८३ को लागि निम्न योजनाहरु सिफारिसका साथ अनुरोध गरि पठाउन यस गाउँपालिकाको गाँउकार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**क) सडक :**

१. खुदी - सिम्पानी - भलामचौर - घलेगाउँ सडक , मर्स्याङ्दी ९
२. खुदी - घनपोखरा - नायु सडक, मर्स्याङ्दी ९,१,२
३. वाहुनडाँडा - घेर्मु सडक, मर्स्याङ्दी ५,६
४. खुदी - शिउरुङ - स्याङ्गे सडक, मर्स्याङ्दी ३,४
५. ङादी - उस्ता - वराहपोखरी सडक, मर्स्याङ्दी ७
६. भुलभुले - सिमलचौर - भुस्मे सडक, मर्स्याङ्दी ८
७. रामवजार - छापा - उपल्लो ताघृङ सडक, मर्स्याङ्दी -४
८. वाहुनडाँडा - सन्जापु सडक, मर्स्याङ्दी -५
८. खुदी - पाम्पचोक - भलामचौर - घलेगाउँ सडक, मर्स्याङ्दी ९
९. सेरा - रञ्जित फाँट मोटरवाटो, मर्स्याङ्दी -९

**ख) पर्यटन विकास :**

१. जगत तातोपानी कुण्ड विकास योजना, मर्स्याङ्दी - ४
२. डा. हर्क गुरुङ समाधिस्थल पार्क, मर्स्याङ्दी - ७
३. राष्ट्रकवि माधव प्रसाद घिमिरे जन्मस्थल पार्क, मर्स्याङ्दी -६
४. सरदार भक्ति थापा जन्मस्थल पार्क, मर्स्याङ्दी -३
५. तारेभिर रक क्लाईम्बिङ विकास योजना, मर्स्याङ्दी -४
६. हर्सिङ डाँडा पर्यटन विकास योजना, मर्स्याङ्दी -३
७. वाह्र पोखरी पर्यटन विकास योजना, मर्स्याङ्दी -७
८. ट्रसी छे गुम्वा, मर्स्याङ्दी - ३, शिउरुङ
९. उस्ता सामुदायिक भवन, मर्स्याङ्दी -७
१०. शिउरुङ होम स्टे विकास योजना, मर्स्याङ्दी -३
११. रक गार्डेन होम स्टे विकास योजना, मर्स्याङ्दी -५
१२. घनपोखरा होम स्टे विकास योजना, मर्स्याङ्दी -१
१३. मुम्मे तामाङ होम स्टे विकास योजना, मर्स्याङ्दी -८
१४. भलामचौर होम स्टे विकास योजना, मर्स्याङ्दी -९
१५. तलङ्यो पोखरी विकास योजना, मर्स्याङ्दी -१
१६. अन्नपूर्ण वैकल्पिक पदमार्ग, मर्स्याङ्दी गा.पा.

**घ) खेल मैदान :**

१. घनपोखरा खेल मैदान, मर्स्याङ्दी -१ (हाई अल्टिच्युट ग्राउन्ड २२०० मि.)
२. ङादी खेल मैदान, मर्स्याङ्दी - ७
३. केक्याम खेल मैदान, मर्स्याङ्दी - २
४. राम वजार खेल मैदान, मर्स्याङ्दी - ४
५. खुदी खेल मैदान, मर्स्याङ्दी - ३



अर्जुन चपाईं
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

ङ) तटबन्ध :

१. खुदी खोला तटबन्ध

२. मर्स्याङ्दी तटबन्ध

च) खानेपानी योजना :

१. तिन नापुङ खानेपानी योजना, मर्स्याङ्दी -४

२. उस्ता खानेपानी योजना, मर्स्याङ्दी -७

३. टारी कुना ट्नीखर्क बुद्धबजार खानेपानी योजना, मर्स्याङ्दी -३

४. न्युरी घेमु खानी छिच्यु खानेपानी योजना, मर्स्याङ्दी -५

५. भाचे खानेपानी योजना, मर्स्याङ्दी -२

६. तराञ्चे खानेपानी योजना, मर्स्याङ्दी -७

७. नायु धनपोखरा खानेपानी योजना, मर्स्याङ्दी -१

छ) सिँचाई :

१. रोप्नेफाँट सिँचाई योजना, मर्स्याङ्दी - २

२. सिम्पानी सिँचाई योजना, मर्स्याङ्दी - ९

३. चामे खोला ठुलोबेँसी सिँचाई, मर्स्याङ्दी -५, ६

४. कलाउबेँसी सिँचाई योजना, मर्स्याङ्दी - १

५. तप्रोखोला सिँचाई, मर्स्याङ्दी - ४

६. घोप्टे सिँचाई योजना, मर्स्याङ्दी -२

७. चनौटे फाँट सिँचाई योजना, मर्स्याङ्दी -६

८. प्लेङ खोला सिँचाई योजना, मर्स्याङ्दी -३,४

९. सिरुवारी योजना, मर्स्याङ्दी -८

ज) भूसंरक्षण योजना :

१. तराञ्चे गाउँ संरक्षण योजना, मर्स्याङ्दी - ७

२. घोप्टे खोला रामबजार क्षेत्र पहिरो नियन्त्रण, मर्स्याङ्दी - ४

३. भंगेरी गाउँ संरक्षण योजना, मर्स्याङ्दी -८

४. थाकन गाउँ संरक्षण योजना, मर्स्याङ्दी - ३

५. तल्लो चिप्ला गाउँ संरक्षण योजना, मर्स्याङ्दी - ५

**निर्णय नं. ४ आ.व. २०८०/०८१ को स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन सम्बन्धमा।**

स्थानीय तह वित्तिय सुशासन क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम आर्थिक वर्ष २०८०/८१ मा यस मर्स्याङ्दी गाउँपालिकाको स्वमूल्याङ्कन गर्दा तपसिल उल्लेख भए बमोजिम प्रारम्भिक नतिजा प्राप्त भएको हुँदा नियमानुसार पृष्ठपोषणको लागि जिल्ला समन्वय समिति लमजुङमा पठाउने निर्णय गरियो।

तपशीलस

१. योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन : १०.५

२. कार्यान्वयन क्षमता तथा व्यवस्थापन : १५

३. लेखाङ्कन तथा प्रतिवेदन : १५

४. अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण ६

५. राजस्व व्यवस्थापन : ९

जम्मा : ५५.५



अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत

[मुकुन्द गुरुङ
अध्यक्ष]

**निर्णय नं.- ५ प्रदेश योजना आयोगको समपुरक तथा विशेष अनुदान कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

प्रदेश सरकार प्रदेश योजना आयोगमा स्थानीय तहमा आ.व.२०८२/०८३ का लागि प्रदेश समपुरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि निम्न योजनाहरु सिफारिसका साथ अनुरोध गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

क) **समपुरक अनुदानतर्फ :**

१. खुदी - घनपोखरा नाँयू सडक, मर्स्याङ्दी - २,१ (क्रमागत)
२. वाहुनडाँडा - घेर्मु सडक, मर्स्याङ्दी - ६,५ (क्रमागत)
३. खुदी - पाम्पचोक - भलामचौर - घलेगाँउ सडक, मर्स्याङ्दी -९ (क्रमागत)
४. भुलभुले - सिमलंचौर - रिन्टाङ - भुस्मे सडक, मर्स्याङ्दी -८ (क्रमागत)

ख) **विषेश अनुदान तर्फ :**

१. खुदी खोला तटवन्ध, मर्स्याङ्दी - ३, ९
२. तिन ताघ्रिङ खानेपानी योजना, मर्स्याङ्दी - ४
३. भाचे खानेपानी योजना, मर्स्याङ्दी - २
४. सिम्पानी खानेपानी योजना, मर्स्याङ्दी - ९

**निर्णय नं. ६: मर्स्याङ्दी गाउँपालिकाको ५ वर्षे शैक्षिक योजना निर्माण सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको शैक्षिक स्तर उकास्नको लागि समयावधि सहितको ५ वर्षे शैक्षिक योजना निर्माण गर्न आवश्यक प्रकृया अगाडि वढाउने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ७ : अ.न.मी. सहायक चौथो करार सेवा नियुक्त गर्ने सम्बन्धमा ।**

यस मर्स्याङदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको भुलभुले स्वास्थ्य चौकीमा सि.अ.न.मी. पदमा कार्यरत श्री मोती कुमारी घले मिति २०८१/१०/३० गतेवाट लागु हुने गरी स्वैच्छिक अवकाश हुन भई उक्त पद रिक्त भएको र सेवा प्रवाहमा समस्या भई समस्या समाधान एवं प्रभावकारी सेवा प्रवाहको लागि रिक्त पदमा सेवा करारमा प्रतिस्पर्धावाट छनौट गरी कर्मचारी नियुक्त प्रकृया अगाडी वढाउने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ८ : स्थानिय प्रहरी नियुक्त गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको कार्यलयको सुरक्षा र प्राकृतिक श्रोत साधनको उपयोग, निकासी सवैको निगरानी गर्न प्रहरीको आवश्यकता तड्कारो रुपमा देखिएकोले मर्स्याङ्दी गाउँपालिका पालिका प्रहरी ऐन, २०८० को परिच्छेद २ को दफा ३ को उप-दफा ६ वमोजिम हाललाई पालिका प्रहरी सहायक निरिक्षक १ जना, पालिका प्रहरी जवान २ जना (एक पुरुष, एक महिला) गरी ३ जना प्रहरी नियूक्ति प्रकृया अगाडी वढाउने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।



अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

**निर्णय नं. ९: खर्च अनुमोदन सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका वडा नं. २, प्रोविमा मिति २०८१ माघ २० गते विर बहादुर तामाङको घर आगलागि भई पूर्ण रुपमा क्षति भएकोले तत्काल राहतस्वरुप मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकबाट उपलब्ध गरेको रु.३०,०००।- (अक्षरुपी तिस हजार) सहयोग अनुमोदन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १०: प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धमा ।**

मिति २०८१/११/०१ गते वेरोजगार आवेदनको सुचना प्रकाशन भएकोमा आगामी आर्थिक वर्षको न्युनतम रोजगारीमा संलग्न हुन चाहने वेरोजगार व्यक्तिहरुले सम्वन्धित वडा कार्यलयहरुमा आवेदन गर्न अनुरोध गरिएको विषयमा सवै वडा कार्यलयहरुले उक्त आवेदन यहि मिति २०८१ फागुन मसान्तसम्म संकलन गरी गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्रमा पठाउने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ११ : साम्बा चोक नामाकरण सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ पाम्पचोकमा जन्मिएर फुटवल जगतमा अन्तराष्ट्रिय स्तरमा स्थापित हुन सफल, फुटवलमा नेपाललाई चिनाउन महत्वपूर्ण भूमिकामा रहेको एक सफल राष्ट्रिय खेलाडी मर्स्याङ्दीको छोरी सावित्री भण्डारी (साम्वा) को सम्मानार्थ मर्स्याङ्दी गाउँपालिका, वडा नं ९ स्थित खुदी बजारको मोटरेवल पुल नजिक रहेको चोकमा साबित्री भण्डारी (साम्वा)को फोटो राखी उक्त चोकलाई **साम्बा चोक** नामाकरण गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १२ : ११५ औं नारी दिवस सम्बन्धमा ।**

मर्स्याङ्दी महिला सञ्जालको आयोजना र मर्स्याङ्दी गाउँपालिकाको आर्थिक सहयोगमा ११५ औं नारी दिवस भव्य रुपमा मनाउने र सोका लागि मर्स्याङ्दी गाउँपालिका, महिला सञ्जालको प्रस्तावनाको आधारमा सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च (२२५१२) बजेट शिर्षकबाट रु.१७५०००।- (एक लाख पचहत्तर हजार) विनियोजन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १३ : आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक,सांस्कृतिक,साहित्यिक, महोत्सव, दिवस गोष्ठि सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- दशौं सुन्दरवजार महोत्सव २०८१ को सहयोगार्थ - रु.३०,०००।- (तिस हजार मात्र )
- नेपाल बुद्धिजीवी परिषद, जिल्ला कार्य समिति लमजुङ रु.१५,०००।- (पन्ध्र हजार मात्र)



अर्जुन गुरुङ
अध्यक्ष

चपाई
प्रशासकीय अधिकृत

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.नः ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट तपसिल वमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- दुध राज गुरुङ, मर्स्याङ्दी -३ रु.४८,०००। (अट्चालिस हजार मात्र) चितुवाले राती १६ वटा भेडा मारिदिएको ।
- गणेश वहादुर गुरुङ, मर्स्याङ्दी -३ रु.१५,०००।- (पन्ध्र हजार मात्र) भेडा गोठमा आगालागिवाट क्षति भएको ।

**निर्णय नं. १४ : विविध ।**

यस मर्स्याङ्दी गाउँपालिका वडा नं. २ मा कार्यरत वडा सचिव विकास स्याङतान र प्राविधिक अमित कुमार यादव वेसिशहर गई फर्कने क्रममा बेसिशहर न.पा. चनौटे नजिक बस सँग ठोक्किन गई दुर्घटनामा परि घाईते भई उपचारको क्रममा रहेकोले दुवै जनालाई शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)